# सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन)निर्देशिका,२०७२

नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना प्रविधि उद्योगको गन्तव्यको रुपमा विकास, विस्तार तथा प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्न तथा आर्थिक वृद्धिमा योगदान पुऱ्याउनका लागि सूचना प्रविधि पार्कलाई प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१)यस निर्देशिकाको नाम "सूचनाप्रविधिपार्क(व्यवस्थापन तथा सञ्चालन)निर्देशिका,२०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u>:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "**मन्त्रालय**" भन्नाले विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ख) "**विभाग**"भन्नाले सूचना प्रविधि विभाग सम्झनुपर्छ ।

(ग) "**पार्क**"भन्नाले सूचना प्रविधि पार्क सम्झनुपर्छ ।

(घ) "**व्यवसायिक एकाइ**"भन्नाले सूचना प्रविधि पार्कको व्यवसायिक भवनमा अवस्थित रहेका छुट्टाछट्टै कार्यस्थलएकाइलाई सम्झनुपर्छ ।

(ङ) "**निजी क्षेत्र**"भन्नाले सूचना प्रविधि सम्बन्धी कार्य गर्ने उद्यमी, व्यवसायी वा सो सम्बन्धी संगठित सँस्थालाई सम्झनुपर्छ ।

(च) "**उद्यमी**"भन्नाले सूचना प्रविधि सम्बन्धी कार्य गर्ने कम्पनी वा फर्मलाई सम्झनुपर्छ ।

(छ) "**समिति**"भन्नाले दफा ९ बमोजिम गठित पार्क सञ्चालक समिति सम्झनुपर्छ ।

(ज) "**सदस्य**"भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(झ) "**पट्टा**"भन्नाले दफा 12बमोजिम पार्कमा रहेको कुनै भवन वा जग्गा भाडामा लगाउन गरिएको सम्झौता सम्झनुपर्छ ।

(ञ) "**पट्टाबाहक**"भन्नाले पट्टा लिई कार्यगर्ने अनुमति प्राप्त कम्पनी वा फर्मलाई सम्झनुपर्छ।

(ट) "**ईन्कुवेशन केन्द्र**"भन्नालेसूचना प्रविधि सम्वन्धी उद्योग वा व्यवसायलाई प्रवर्द्धन गर्न ईच्छुक नवोदित जनशक्तिका लागि आवश्यक पर्नेभौतिक पर्वाधार तथा प्राविधिक सेवा र सुविधाहरु उपलव्ध गराउने बिजनेश ईन्कुवेशन केन्द्रलाई सम्झनुपर्छ ।

**३. <u>पार्क स्थापना र सञ्चालनको उद्देश्य</u>:**(१) नेपालमा सूचना प्रविधि सम्वन्धी दक्ष जनशक्तिको उत्पादन तथा सो सम्बन्धी अध्ययन अनुसन्धान गर्नमा टेवा पुऱ्याउने, स्वदेशका सरकारी तथा गैरसरकारी र निजी क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिलाई समय सापेक्ष पुनर्ताजगी तालीम दिई क्षमता अभिवृद्धि गर्ने अवसर र सेवा उपलव्ध गराउने तथा सूचना प्रविधिमा आधारित सेवा प्रदायक कम्पनीहरुको विकास र प्रवर्द्धनद्वारा रोजगारी सृजना गर्दै सेवा विस्तार र निर्यात प्रवर्द्धन गर्नु सूचना प्रविधि पार्कको मूख्य उद्देश्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको उद्देश्य प्राप्तिका लागि नेपालका विभिन्न क्षेत्रमा पार्कहरुस्थापना गरी सूचना प्रविधिजन्य उत्पादन तथा सो प्रविधिमा आधारित निर्यातजन्य वस्तु एवं सेवा प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।

४. **<u>सार्वजनिक-निजी साझेदारीमा आधारित हुने</u>:** (१)पार्कको व्यवस्थापन तथा सञ्चालन सार्वजनिक-निजी साझेदारीमा आधारित हुनेछ।

(२) उपदफा (१) बमोजिम गरिने पार्कको व्यवस्थापन तथा सञ्चालनमा मन्त्रालयले विश्वविद्यालय र निजी क्षेत्रलाईसाझेदार अंगको रुपमा समावेश गर्न सक्नेछ।

(३) यस दफा बमोजिमको सार्वजनिक निजी साझेदारीमा संचालन र व्यवस्थापन गर्ने कार्ययोजना समितिको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गरे बमोजिम हुनेछ ।

५. **<u>विभागले गर्ने कार्यहरु</u>:**यसनिर्देशिकामा अन्यत्र लेखिएका अतिरिक्तपार्कको व्यवस्थापन तथा सञ्चालनको लागि विभागले देहायका कार्यहरु गर्नेछ :-

(क) सरोकारवालाहरुसँग समन्वयकर्ताको रुपमा कार्य गर्ने ।

(ख) पार्कको विकास, विस्तार एवं प्रवर्द्धन गर्न स्वदेशी तथा विदेशी कम्पनी तथा लगानीकर्ताहरुलाई आकर्षित गर्नेकार्ययोजना बनाई समितिमा पेश गर्ने ।

(ग) पार्कमा उत्पादित वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय वजारमा निकासी तथा प्रवर्द्धन गर्न र स्वदेशी वजारसँगको सहज पहुँच स्थापना गर्न आवश्यक पहल गर्ने ।

(घ) पार्कमा सञ्चालित उद्योग व्यवसाय तथा कार्यरत जनशक्तिको सुरक्षाको लागि आवश्यक प्रवन्ध गर्ने ।

(ङ) पार्क संचालन सम्बन्धमा अनुगमन गरी सोको अर्धवार्षिक प्रतिवेदन समितिमा पेश गर्ने ।

(च) समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने ।

६. **<u>विश्वविद्यालयले गर्ने कार्यहरु</u>:**पार्ककोउद्देश्य प्राप्तिका लागिविश्वविद्यालयले देहायका कार्यहरु गर्नेछ :-

(क) सूचना प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन, तालीम तथा अध्ययन / अनुसन्धानमूलक कार्य गर्ने / गराउने ।

(ख) बिजनेश ईन्कुवेशन सेन्टर सञ्चालन गर्ने ।

(ग) सूचना प्रविधि विषयमा विश्वविद्यालय तह उत्तिर्ण विद्यार्थीहरुलाई सूचना प्रविधि उद्योगको माग बमोजिम क्षमता विकास गर्नको लागि फिनिसिङ स्कुल सञ्चालन गर्ने।

(घ) उच्चस्तरीय व्यवसायिक तालीम प्रदान गर्ने ।

(ङ) सूचना प्रविधिको क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरु समेतसँग समन्वय गरी अध्ययन, अनुसन्धान र विकासको कार्य गर्ने/गराउने ।

(च) नेपाल सरकारका सूचना प्रविधिसँग सम्बन्धित सरकारी कर्मचारीहरुलाई वार्षिक रुपमा निश्चित संख्यामा छात्रवृति प्रदान गर्ने वा उच्च शिक्षा/तालीम प्रदान गर्ने।

७. **<u>निजी क्षेत्रले गर्ने कार्यहरु</u>:** पार्कको उद्देश्य प्राप्तिका लागि निजी क्षेत्रले देहायका कार्यहरु गर्नेछः-

(क) सूचना प्रविधि पार्कमा उपलव्ध पूर्वाधार तथा सुविधाको वारेमा आवश्यक जानकारी उपलव्ध गराई उद्यमीलाई उत्प्रेरित गर्ने ।

(ख) व्यवसायीले पार्कमा सहजरुपमा उद्योग व्यवसाय सञ्चालन गर्न आवश्यक पृष्ठपोषण दिने ।

(ग) सरकारलाई पार्क प्रवर्द्धनको लागि आवश्यक परामर्श तथा पृष्ठपोषण दिने ।

(घ) अन्तर्राष्ट्रिय उद्योग व्यवसायी संघ संस्थासँग समन्वय गरी वाह्य लगानीकर्तालाई सूचना प्रविधिको क्षेत्रमा लगानी गर्न आकर्षित गर्ने ।

(ङ) पार्कवाट विकसित सूचना प्रविधिका विभिन्न उत्पादनहरुको वजारीकरणको लागि आवश्यक पहल गर्ने ।

(च) समितिले पहिचान गरेका उपयुक्त परियोजनामा लगानीको लागिआवश्यक पहल गर्ने ।

८. **<u>पार्कमा सञ्चालन गर्न सकिने क्रियाकलापहरु</u>:** (१)पार्कमा देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:-

(क) सूचना प्रविधि सिष्टम डिजाइन, विकासर सिस्टमहरुको एकीकरण ।

(ख) तालीम, अनुसन्धानर विकास ।

(ग) कलसेन्टर / विजनेश प्रोसेस आउटसोर्सिङ ।

(घ) सूचना प्रविधिमा आधारित सेवाहरु ।

(ङ) प्रशिक्षण/विद्युतीय प्रशिक्षण ।

(च) सफ्टवेयर विशिष्टिकरण ।

(छ) सम्मेलनर गोष्ठी ।

(ज) सूचना प्रविधिमा आधारित सेवा र प्राविधिक सहयोग केन्द्र ।

(झ) डाटा-केन्द्र, डाटा वेयरहाउजिङ तथा डाटा व्याकअप र रिकभरीको व्यवस्थापन।

(ञ) हार्डवेयर फेब्रिकेशन ।

(ट) समितिले तोकेका सूचना प्रविधि सम्बन्धी अन्य क्रियाकलापहरु ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलापहरु संचालन गर्न समितिले विश्वविद्यालय वा निजी क्षेत्रलाई तोक्न र सो को लागि व्यवसायिक ईकाई छुट्याउन सक्नेछ।

९. **<u>समितिको गठन सम्बन्धी व्यवस्था</u>:**(१)पार्कलाईसुचारूरुपलेसञ्चालनगर्ननेपालसरकारलेदेहायको पार्क संचालकसमिति गठन गर्नेछ :-

| | |
|---|---|
| (क)सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) सह-सचिव, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य |
| (घ) कार्यकारी निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र | सदस्य |
| (ङ) काठमाडौं विश्वविद्यालयको सूचना प्रविधि संकायको डिन, | सदस्य |
| (च) सूचना प्रविधि सम्बन्धी संघ संस्थाहरु मध्येवाट मन्त्रालयले छनोट गरेको एक जना प्रतिनिधि | सदस्य |

(छ) सूचना प्रविधिको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका व्यक्तित्व मध्येवाट मन्त्रालयले छनोट गरेको एक जना महिला विज्ञ प्रतिनिधि — सदस्य

(ज) महा-निर्देशक, सूचना प्रविधि विभाग — सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ ।

(३) विभागले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

१०. **<u>समितिकोकाम, कर्तव्य र अधिकार</u>**:यस निर्देशिकामा अन्यत्र लेखिएको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)पार्कको उद्‌देश्य प्राप्तिका लागि आवश्यक नीति तथा योजना निर्माण गर्ने।

(ख)पार्क संचालन र व्यवस्थापनका लागि आवश्यक कार्ययोजना तयार गरी लागू गर्ने ।

(ग)पार्कको अन्तर्राष्ट्रिय अवधारणा अनुरुप नविनतम कार्यक्रम संचालन गर्न आवश्यक पहल गर्ने।

(घ)पार्कको आधुनिकिकरण,विकास तथा विस्तार सम्बन्धी कार्यक्रमहरु गर्ने/गराउने ।

(ङ)इन्कुवेशन केन्द्र, साझा तथा एकल कार्यस्थल सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(च)पार्क सञ्चालन सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

(छ)पार्ककोभौतिकसंरचनारयसलेप्रदानगर्नेसुविधाहरुकोस्तरोन्नति र आवश्यकता अनुरुप मर्मत संभारकोनिमित्त आवश्यक पहलगर्ने ।

(ज) पार्क क्षेत्रलाई विशेष आर्थिक क्षेत्रको रुपमा विकास गर्न पहल गर्ने ।

(झ)काठमाडौँलगायतमुलुकका अन्यस्थानहरुमा सूचना प्रविधि पार्कहरुविस्तार गर्नप्रारम्भिकचरणकोसम्भाव्यताअध्ययनगरी/ गराई उपयुक्त ठहरिएका ठाऊँहरुमा पार्क स्थापना गरी सञ्चालनमा ल्याउन नीति, रणनीति, कार्यनीति तथा कार्यक्रम कार्ययोजना सहितको अवधारणा पत्र तयार गर्ने।

११. **<u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>**: (१) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिकोवैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको वैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य सचिवले वैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेकोमानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षतागर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी, विशेषज्ञ वाअन्यकुनै व्यक्तिलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

तर त्यस्तो आमन्त्रित सदस्यलाई वैठकमा मतदिने अधिकार हुने छैन ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **<u>पट्टा सम्बन्धी व्यवस्था</u>:** दफा ८ बमोजिमका क्रियाकलाप संचालन गर्न चाहने कुनै विश्वविद्यालय, कम्पनी वा फर्मलाई विभागले कार्यस्थल पट्टामा दिन सक्नेछ ।

१३. **<u>प्रस्ताव छनौट गर्ने</u>:**(१) दफा १२ बमोजिम कार्यस्थल पट्टामा दिनको लागि समितिको निर्णयानुसारविभागले विश्वविद्यालय वा उद्यमीबाट प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गरिएकोमा सो प्रस्ताव प्राप्त भएपछि विभागले प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी उपयुक्त प्रस्ताव छनौट गर्नेछ।

(३) उपदफा (२) बमोजिम छनौट भएको प्रस्तावदातासँग विभागले सम्झौता गर्नेछ।

१४. **<u>जग्गा पट्टा (लिज)मा दिन सकिने</u>:** (१)कुनै विश्वविद्यालय,स्वदेशी वा विदेशी कम्पनीले पार्कको जग्गा मध्ये कुनै भाग पट्टामा लिई आँफै भवन निर्माण गरी दफा ८ बमोजिमका कार्यहरु गर्न चाहेमा प्रचलित कानून बमोजिमको प्रकृया पुऱ्याई बढीमा तीस वर्षसम्मको लागि समितिको सिफारिसमा मन्त्रालयलेजग्गा पट्टा (लिज) मा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिजमा लिने कम्पनी वा फर्मले समितिले निर्धारण गरे बमोजिमको रकम विभागमा वुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिजमा लिई संरचना निर्माण गर्दा सम्झौता भएको मितिले वढीमा पाँच वर्षसम्ममा निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद समाप्त भएपछि उक्त जग्गामा निर्मित भौतिक संरचना स्वत: नेपाल सरकारको स्वामित्वमा आउनेछ ।

१५. **<u>पट्टाबाहकको योग्यता</u>:** दफा ८ बमोजिमका क्रियाकलापहरुसंचालन गर्ने स्वदेशी वा विदेशी कम्पनी वा फर्मको योग्यता देहाय बमोजिम हुनेछ :-

(क)नेपालमा प्रचलित कानून बमोजिम दर्ता भएको वा नेपालभित्र कारोवार गर्न स्वीकृति प्राप्त गरेको कुनै स्वदेशी वा विदेशी कम्पनी वा फर्म ।

(ख) मूल्य अभिवृद्धि करमा दर्ता भईअघिल्लो आर्थिक वर्ष सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको ।

१६. **<u>कार्यस्थल पट्टामा दिने प्रकृया</u>:** (१)यस पार्क अन्तर्गतका व्यवसायिक एकाइहरुमा कार्य सञ्चालन गर्न दफा १५ बमोजिमको योग्यता पुगेका कम्पनी वा फर्महरुलाई तीस दिने सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

(२)उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा पार्कको क्षमता भन्दा बढी आवेदन परेको खण्डमा कम्पनी वा फर्म छनौट गर्न देहायको आधारमा छनौट गरिनेछ :-

(क) पार्कको उद्देश्य प्राप्ति गर्ने र सबैभन्दा बढी दर कवोल गर्ने ।

(ख) सबैभन्दा बढी रोजगारी सृजना गर्ने |

(ग) सूचना प्रविधिसँग सम्बन्धित सेवा वा वस्तु निर्यात गरी राज्यलाई बढी लाभ पुऱ्याउने |

(३) उपदफा (१) बमोजिम आवेदन माग गर्दा कुनै पनि आवेदन नपरेको खण्डमा वा पार्कको क्षमता भन्दा कम माग भएमा वाँकी रहेको व्यवसायिक एकाइको लागि विभागले इच्छुक कम्पनी वा फर्मसँग सोझै वार्ता गरी तोकिएको दररेटमा नघट्ने गरी पट्टा दिन सक्नेछ ।

(४) सूचना प्रकाशित भएको एक बर्षसम्म पनि पार्कका कुनै व्यवसायिक एकाइपट्टामा लाग्न नसके पुन: सूचना प्रकाशित गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम गरिने छनौट प्रक्रियामा प्रचलित कानूनमा कुनै थप प्रक्रिया तोकिएको भए सो समेतलाई आधार लिईनेछ ।

**१७. <u>ईन्कुबेशन केन्द्र स्थापना गर्ने</u>:** (१) सूचना प्रविधि सम्बन्धीनवीनतम सोच, खोज र उद्यमशिलताको विकास गरी पार्कको विशिष्टतालाई कायम गर्न इन्कुबेशन केन्द्र स्थापना गरिनेछ ।

(२) इन्कुबेशन केन्द्रको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कुनै पनि कम्पनी वा व्यवसायीले सूचना प्रविधि सम्बन्धी नवीनतम विचार र त्यससँग सम्बन्धित सम्पूर्ण अवधारणाको प्रस्ताव विभागमा पेश गर्न सक्नेछन् र यसरी प्रस्तावित भएको विचार वा अवधारणालाई विभागले आवश्यक, औचित्य र उपयुक्त ठानेको आधारमा त्यस्तो विचार वा अवधारणालाई समिति समक्ष स्वीकृतिका लागी पेश गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम स्वीकृत भएको विचार वा अवधारणाकाआधारमा बढिमा एक बर्षसम्मको लागि प्रस्तावकलाईइन्कुबेशन केन्द्रमा स्थानउपलव्ध गराइनेछ ।

(३) इन्कुबेशन केन्द्रको व्यवस्थापन देहाय बमोजिमहुनेछ ।

(क) आधुनिक पूर्वाधार तथा आधारभुत संरचनायुक्त,

(ख) उद्यमकर्मीहरुको साझा कार्यस्थलको रुपमा,

(ग) स्थानीय उद्यमीहरुको सहभागीतामा,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्यमीहरुसँगको सम्बन्ध विस्तार,

(च) प्रशिक्षण र क्षमता विकास,

(छ) वित्तीय बजारसम्मको पहुँचमा सहजता,

(ज) विशेषज्ञ तथा विज्ञहरुद्धारा नियमित मार्गदर्शन,

**१८. <u>पार्कमा कार्यस्थल रहने</u>:** पार्कमा देहायका कार्यस्थलहरु रहनेछन् :-

**(क) साझा कार्यस्थल:**

(१) सूचना प्रविधिको विकास र प्रवर्द्धनका लागि सुविधायुक्त, मितव्ययी र कम लगानीमा उद्योग वा व्यवसाय सञ्चालन गर्नको लागि प्रति कोठा वा प्रति डेस्कको आधारमा सशुल्क साझा कार्यस्थल उपलव्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको साझा कार्यस्थल सञ्चालन गर्ने कुनै कम्पनी वा फर्मले कुनै व्यवसायिक इकाई पट्टामा लिन सक्नेछ ।

(३)उपदफा (१) बमोजिमको साझा कार्यस्थलमा सोधपुछ कक्ष, दर्ता/चलानी, लेखा, कर व्यवस्थापन जस्ता व्यवस्थापकीय तथा कानूनी सेवाहरु एकीकृत एवं साझा रुपमा सवै कम्पनीहरुलाई सशुल्क उपलव्ध गराउन सकिनेछ।

(४) उपदफा (१) बमोजिमको साझा कार्यस्थलको लागि सेमिनार, वैठक, कार्यशाला वा अन्य क्रियाकलापहरु सञ्चालन गर्न सभाहल वा वैठक कक्ष आवश्यक परेमा सशुल्क उपलव्ध गराउन सकिनेछ ।

(५) साझा कार्यस्थललाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमका थप सुविधाहरु उपलब्ध हुनेछन् :-

(अ) कम्पनी दर्ता वा अनुमती पत्रप्राप्त गर्नको लागि प्रारम्भिक सहजीकरण गराउने ।

(आ) परियोजनाको लागि आवश्यक पुँजीको व्यवस्था गर्न स्थानीय र अन्तर्राष्ट्रियस्तरमा पहल गर्न जानकारी दिने।

(इ) नयाँ परियोजनाका लागि ऋणदाता र लगानीकर्ताहरुको पहिचान गरी आवश्यक पुँजी जुटाउनप्रेरितगर्ने ।

**(ख) एकल कार्यस्थल:**

(१) कुनै कम्पनी वा फर्मलेएक वा एक भन्दा बढी व्यवसायिक एकाइ पट्टामा लिई एकल कार्यस्थल सञ्चालन गर्नसक्नेछन् ।

(२)उपदफा (१) बमोजिम पट्टामा लिइएको व्यवसायिक एकाइको भौतिक संरचनाको सुरक्षा संभार लगायत सम्पूर्ण जिम्मेवारी कम्पनी वा फर्मको नै हुनेछ ।

**१९. <u>कार्यस्थलभित्र समावेश भएको नमानिने</u>:**पार्कमा रहेका पार्किङ क्षेत्र, बाग-बगैँचा, भवनको छत, खुल्ला जमिन, चौर वा अन्य पार्कको क्षेत्र वा संरचना कार्यस्थलमा समावेश भएको मानिने छैन र यसरी समावेश नहुने क्षेत्र वा संरचना आवश्यक परेमा सोको प्रयोगका लागि पट्टावाहकले छुट्टै सम्झौता गर्नुपर्नेछ ।

**२०. <u>कार्यस्थल हस्तान्तरण नहुने</u>:** (१) पट्टावाहक कम्पनी वा फर्मले आफ्नो कार्यस्थल आफु अन्तर्गतका भातृ कम्पनी बाहेक अन्य कुनै कम्पनी वा फर्मलाईविभागको पूर्व स्विकृति बिना प्रदान गर्न, बिक्रि बितरण गर्न वा पुन: पट्टामा दिन पाउने छैनन् ।

(२) उपदफा (१) विपरित काम गरेमा त्यस्तो पट्टावाहकसँगको पट्टा सम्झौता खारेज गर्न सकिनेछ ।

२१. **<u>दररेट कायम गर्ने</u>:**(१)कार्यस्थलमा रहेको जग्गा तथा भवनको न्यूनतम भाडा वा शुल्क प्रचलित कानून बमोजिमसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यस निर्देशिका बमोजिम विश्वविद्यालयलाई जग्गा वा कार्यस्थल पट्टामा दिंदा भाडा बापतको रकम लिइने छैन।

२२. **<u>कार्यस्थल परिवर्तन र स्तरोन्नति</u>:**(१)विभागकोसहमतिमापट्टावाहककम्पनी वा फर्महरुलेप्राप्तकार्यस्थलकोभित्रीबनावटकार्यमैत्रीरूपमापरिवर्तनगर्नेरअस्थायीकिसिमकासंरचना तयारगर्नसक्नेछन्। कम्पनी वा फर्मलेआफ्नाचल-अचलसम्पत्ति, मेशिनरीतथाअफिससामग्रीहरु, अस्थायीकिसिमकासंरचनातयारगर्नप्रयोगगर्नेसामग्रीहरुप्राप्तकार्यस्थलमाराख्नसक्नेछ।

(२)उपदफा (१) बमोजिम कार्यस्थलमा कम्पनीकै खर्चमा सृजना गरिएका संरचना वा सम्पत्तिमा कम्पनीकै स्वामित्व हुनेछ । पट्टा अबधिभर वा सो भन्दा पछि पनि त्यस्ता सम्पत्तिहरु राख्दा/लैजादा पट्टाको कार्यस्थलमा कुनै भौतिक क्षति भएमा सोको जिम्मेवार सम्बन्धित कम्पनी हुनेछ र यस प्रकारले हुने क्षतिपूर्ति संवन्धित कम्पनीवाट सरकारले नियमानुसार असुल उपर गर्नेछ ।

(३) निजी कम्पनी वा विश्वविद्यालयद्वारा पट्टामा प्राप्त गरेका कार्यस्थलमाकुनैकिसिमकोसंरचनाथपवापरिवर्तनगर्नुपरेमा, स्ववरूपवासजावटफेर्नुपरेमा, संरचनाकोस्तरोन्नतिगर्नुपरेमाविभागले सोकोअग्रिमजानकारीत्यस्ता पट्टावाललाई गराउनेछ रत्यसकिसिमकापरिवर्तनकालागिकम्पनीहरुसँगअग्रिमछलफलगरीकार्यमाबाधानपुग्नेव्यवस्था मिलाउनु पर्नेछ।

२३. **<u>धरौटी वा वैंक ग्यारेन्टी सम्बन्धी व्यवस्था</u>:** कुनै कम्पनी वा फर्मले कार्यस्थल भाडामा वा पट्टामा लिनुभन्दा अगाडि एक बर्षको भाडा बराबरको रकम धरौटी वा एक बर्ष मान्य अबधि भएको बैक ग्यारेण्टी जमानतको रुपमा राख्नु पर्नेछ।

२४. **<u>पट्टाको अवधि</u>:**व्यवसायिक एकाइको पट्टा अवधि शुरुमा बढीमा दशवर्षको हुनेछ रआवश्यकता र औचित्यका आधारमा सो अवधि बढाउन सकिनेछ ।

२५. **<u>तयारी अवधि पाउने</u>:** (१) पट्टाबाहक कम्पनी वा फर्मले पट्टामा हस्ताक्षर भएको मितिले छ महिनासम्मको लागि तयारी अवधि पाउनेछन् र सो अवधिमा तिनिहरुले आफ्ना लागि आवश्यक भएका आन्तरिक संरचना निर्माण गर्ने, अफिसको सजावट गर्ने, सामग्री / उपकरणहरुको व्यवस्था गर्ने वा अन्य व्यवस्थापकीय काम गर्न सक्नेछ।

(२) तयारी अवधिमा आँफुले उपभोग गरेको पानी, विजुली, टेलिफोन, इन्टरनेट लगायतका सेवाहरुको भूक्तानी बाहेक पट्टा वापतको भाडा भूक्तानी गर्नुपर्ने छैन ।

२६. **<u>पट्टाबाहकको दायित्व</u>:** पट्टाबाहकले पालना गर्नुपर्ने दायित्वहरु देहाय बमोजिम हुनेछः-

(क) पट्टाबाहकले आँफुले पार्कमा काम शुरु गरेको जानकारी लिखित रुपमा समितिलाई गराउनुपर्नेछ ।

(ख) पट्टाबाहकले व्यवसाय शुरु गरेको मितिदेखि पट्टा वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

(ग) पट्टाकोकार्यस्थलकोकुनैमहिनाकोभाडारकमत्यसमहिनाकोअघिल्लोमहिनाकोदोस्रोह प्ताभित्रभुक्तानीगरिसक्नुपर्नेछ | आंशिकमहिनाकोभुक्तानीभनेदिनगन्तीवादैनिकहिसाबलेहुनेछ | रकमभुक्तानीएकाउन्टपेयीचेककोरुपमागरिनुपर्नेछ ।

(घ) कार्यस्थलमासामान्यटुटफुटरभैपरिआउनेस-सानाखर्चकोलागिपट्टाबाहककम्पनी/फर्मनैजिम्मेवारहुनेछन् | दैनिकप्रयोगगर्नेपानी, बिजुली, टेलीफोन, इन्टरनेटकोमहशुलकोभुक्तानीसम्बन्धित कम्पनी वा फर्मलेनैगर्नुपर्नेछ |

(ङ) समितिको पूर्व स्वीकृति लिएर पट्टाबाहककम्पनी वा फर्महरुलेआफ्नादूरसञ्चारउपकरण, जेनेरेटर/यूपिएस राख्नेहेतुलेस्थान उपलव्धताका आधारमा विभागको स्विकृतीमा आँफुलाईपायकपर्नेस्थानमा२५०वर्गफिटसम्मकोअस्थायीटहरा/घरखुल्लाजमिनमानिर्माणगर्नसक्नेछ।

(च) पट्टामा दिईएका कार्यस्थल/संरचनाहरु स्वाभाविकरुपमा भत्किएका वा बिग्रिएका बाहेक अन्य मर्मत संभारको जिम्मेवारी पट्टाबाहक कम्पनी/फर्महरुको हुनेछ ।

२७. **उपसमिति गठन गर्न सक्ने:** (१) यस नियमावली बमोजिम समितिले आफुले गर्नुपर्ने काम सूचारु रुपले गर्नको लागि आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ । (२) उपनियम (१) बमोजिम गठन गरिएको उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

२८. **अधिकार प्रत्यायोजनः** समितिले यस निर्देशिका बमोजिम आँफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिका अध्यक्ष, सदस्य वा यस निर्देशिका बमोजिम गठन भएको उपसमिति वा कुनै सचिवालयको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **बिमा गर्नुपर्ने:** पट्टाबाहकले खरिद वा जडान गरेको कार्यस्थल भित्रको सम्पत्तिको बिमा गर्नुपर्नेछ ।

३०. **निर्देशिकाको व्याख्या गर्न सक्ने:** यस निर्देशिकाको कार्यान्वयनमा देखिएका समस्यावा द्विविधाका सम्बन्धमा मन्त्रालयले व्याख्या गरी समाधान गर्न वा स्पष्ट पार्न सक्नेछ ।